# जलवायु परिवर्तनले कृषिमा परेका असरहरु

## जलवायु परिवर्तनका प्रभावहरु

- वार्षिक वर्षाचक्रमा हेरफेर ।
- तीव्र वर्षा बढी हुने ।
- ठण्डा दिन र रात दुवैको संख्या पहिलेभन्दा कम भएको ।
- लामो समयसम्म खडेरी ।
- लम्बिदो गर्मी मौसम ।
- दिन र रात दुवै पहिलेको भन्दा तातो भएको ।
- हिउं पग्लेर हिमनदी बढ्न गई भू-क्षय गराउने र कृषि जमिनमा असर गर्ने ।

## कृषिमा जोखिम

- बालीको असफलता र उत्पादनमा हेरफेर ।
- बालीनाली छिटो पाक्ने तर कम पौष्टिक तत्व भएका हुने ।
- बालीनाली लगाउने तरिकाको व्यवस्थापनमा परिवर्तन ।
- भू-उत्पादकत्वमा ह्रास ।
- सिंचाईको लागि बढी पानीको आवश्यकता तथा सिंचाई खर्चमा बृद्धि ।
- पूर्ववत कृषि तरिकामा परिवर्तन ।
- बस्तुभाउलाई आवश्यक पर्ने पानीको मागमा बृद्धि ।
- रोग कीराको बढ्दो प्रकोप ।

## कृषि क्षेत्रमा जलवायु परिवर्तनले परेका मुख्य मुख्य असरहरु



सिन्धुपाल्चोकमा गएको पहिरो



पश्चिमाञ्चल क्षेत्रमा भएको कृषि भूमि डुवान



खडेरीले जमिनको गुणस्तरमा ह्रास



बालीको असफलता र उत्पादनमा गिरावट

## जलवायु परिवर्तन मैत्री कृषि अनुकुलन कार्य

- दिगो कृषि प्रणालीको लागि स्रोतको सदुपयोग ।
- जलवायु परिवर्तन अनुकुलन हुने बाली नालीका जातको विकास ।
- फडानी र डढाउने कृषि प्रणालीलाई निरुत्साहन ।
- पूर्व अनुमान र पूर्व जानकारी प्रणालीको विकास ।
- धानखेत तथा बस्तुभाउबाट उत्सर्जन हुने मिथेन ग्यासको व्यवस्थापन ।

प्रकाशकः
नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
संचार, प्रकाशन तथा अभिलेख महाशाखा
(BRCH/PPCR/AMIS project)